# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८०/८१ | कोशी प्रदेश ,नेपाल
च.नं. ३८८ | मितिः २०८०/०६/०८

श्री सम्बन्धित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

**विषय : निबन्ध प्रतियोगिता सम्वन्धमा ।**

प्रस्तुत विषयमा "**६८ औं प्रहरी दिवस-२०८०**" को अवसरमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाको आयोजना तथा सिद्धिचरण नगरपालिकाको समन्वयमा "**समुदायमा नेपाल प्रहरीको भूमिका (Role of Nepal Police in Community)**" शीर्षकमा विद्यालयस्तरीय कक्षा ८-१० का विद्यार्थीहरुबीच निवन्ध लेखन प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने तथा जिल्ला स्तरमा प्रथम, द्धितीय र तृतीय हुने विद्यार्थीलाई प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाबाट पुरस्कृत गरिने साथै उत्कृष्ट प्रतियोगीलाई प्रदेश स्तरमा हुने प्रतियोगितामा सिफारिस समेत गरिने भएकोले देहायको आधारमा रही प्रतियोगितामा विद्यार्थी उपस्थित गराईदिनुहुन अनुरोध छ ।

**तपसिल :**

**प्रतियोगिता सञ्चालन हुने मिति** : २०८०/०६/१४ गते

**समय** : बिहान ११:०० बजे

**स्थान** : श्री सगरमाथा जनता मा.वि. ओखलढुङ्गा

**प्रतियोगिताका आधारहरु :**

१. निवन्धको शीर्षक :"**समुदायमा नेपाल प्रहरीको भूमिका (Role of Nepal Police in Community)**"
२. विद्यालय तहमा कक्षा ८-१० का विद्यार्थीहरुबीच निवन्ध लेखन अभ्यास गराई उत्कृष्ट सहभागि छनौट गरी प्रति विद्यालय १ (एक) जना सहभागि पठाउने ।
३. विद्यार्थी प्रत्यक्ष रुपमा उपस्थित भई आयोजकले निर्धारण गरेको मिति, समय र स्थानमा आयोजकको रोहवरमा निवन्ध लेखन प्रतियोगितामा सहभागि हुनुपर्नेछ ।
४. निवन्ध लेखनका लागि १८० (एकसय असी) मिनेटको समय उपलब्ध हुनेछ र निबन्ध नेपाली वा अङ्ग्रेजी भाषामा १५०० (एकहजार पाँचसय) देखि २००० (दुई हजार) शब्दमा हुनुपर्नेछ ।
५. प्रतियोगि विद्यार्थी चालु शैक्षिक सत्र-२०८० मा कक्षा ८-१० मा नियमित अध्ययनरत विद्यार्थी हुनुपर्नेछ ।

....................

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा :
तहाँ कार्यालयको मिति २०८०/०६/०७ को पत्रको सन्दर्भमा ।